AudiQR™ | W1P



| उपयोग निर्देशिका

प्रयोग गर्नुभन्दा पहिला एक
पटक पूर्ण रुपमा चार्ज गर्नुहोस्।


विषय-सूची

अडिक्यूआरको बाहिरी रूपबारे जानकारी.....3
चार्ज सूचक बत्ती.....4
चार्ज गर्ने पोर्ट.....4
अन/अफ स्वीच.....4
नेटवर्क सूचक बत्ती.....5
आवाज घटाउने / बढाउने बटन.....5
रिप्ले सुन्ने बटन.....5
RESET गर्ने विधी.....6
सेटअप गर्ने विधी.....7
वाई-फाई परिवर्तन गर्ने विधि.....10
अडिक्यूआर प्रयोग गर्ने प्रक्रिया.....10
ब्याट्री सकिन लागेको सूचना.....11
कुल कारोबार सुन्नको लागि.....11
प्राविधिक जानकारी (अङ्ग्रेजीमा).....12
ग्यारेन्टी सम्बन्धि जानकारी.....13

© यार्सा टेक प्राइभेट लिमिटेड, नेपाल

अडिक्यूआरको बाहिरी रूपबारे जानकारी

अडिक्यूआरलाई चलाउन सजिलो हुने गरि डिजाइन गरिएको छ । यसमा रहेका सूचक बत्तीहरू हेरेर सजिलै चार्ज र नेटवर्कको अवस्था थाहा पाउन सक्नुहुन्छ । त्यसबाहेक, अडिक्यूआरमा विभिन्न प्रयोजनको लागि निम्नलिखित बटन र पोर्टहरू राखिएका छन् ।



१. अन/अफ स्वीच

२. नेटवर्क सूचक बत्ती

३. रिसेट बटन

४. चार्ज सूचक बत्ती

५. चार्ज गर्ने पोर्ट

६. स्पीकर

७. आवाज घटाउने बटन

८. आवाज बढाउने बटन

९. रिप्ले सुन्ने बटन

© यार्सा टेक प्राइभेट लिमिटेड, नेपाल

चार्ज सूचक बत्ती

- **हरियो बत्ती बलेको:** चार्ज भइरहेको
- **हरियो बत्ती नबलेको:** पूर्ण रूपमा चार्ज भइसकेको वा चार्ज नभएको

चार्ज गर्ने पोर्ट

- अडिक्यूआरलाई चार्ज गर्नको लागि USB Type-C पोर्ट राखिएको छ । यसमा ५ भोल्ट र न्युनतम १ एम्पियरको कुनै पनि चार्जर जडान गर्न सक्नुहुन्छ । सूचक बत्ती हेरेर चार्ज भए नभएको सुनिश्चित गर्नुहोस् ।
- यसलाई निरन्तर चार्जमा राखेर पनि चलाउन सकिन्छ।

अन/अफ स्वीच

- अन गर्नका लागि स्लाइडर स्वीचलाई दाहिनेतर्फ र अफ गर्नका लागि देब्रेतिर धकेल्नु पर्छ, अडिक्यूआर अन गर्दा ध्वनी सुन्न सकिन्छ।
- अडिक्यूआर प्रयोग नभएको बेला ब्याट्रीको आयु लम्ब्याउन र ढुवानीको क्रममा सुरक्षित राख्नको लागि यसलाई बन्द गर्न सक्नुहुन्छ ।

© यार्सा टेक प्राइभेट लिमिटेड, नेपाल

नेटवर्क सूचक बत्ती

- **बल्ने-निभ्ने गरेको:** नेटवर्कमा जडान हुन खोजेको
- **लगातार बलिरहेको:** नेटवर्कमा जडान भइ चलिरहेको

आवाज घटाउने / बढाउने बटन

आवाज चर्को वा मधुरो बनाउन चित्रमा देखाएका (+) र (-) बटनहरू थिच्न सक्नुहुन्छ । Volume Full वा Low भएको जानकारी आवाजबाटै थाहा पाउन सक्नुहुन्छ ।

रिप्ले सुन्ने बटन

- रिप्ले बटन थिच्दा, हालको अन्तिम कारोबार सुन्न सकिन्छ।
- त्यसपछी रिप्ले बटन थिच्दा त्यो भन्दा पुरानो र फेरि थिच्दा अझै पुरानो गरि पालैपालो सुन्न सक्नुहुन्छ ।
- त्यसरी रिप्ले बटन थिच्दै सुन्दै गरेर तपाईंले गरेको अन्तिम १० वटा कारोबारहरु सुन्न सक्नुहुन्छ ।
- अन्तिम १० वटा कारोबारको रिप्ले भइसकेपछी एउटा जानकारी ध्वनी मात्र बज्छ । त्यसपछी पनि रिप्ले बटन थिच्नुभयो भने फेरि सबैभन्दा नयाँबाट पुरानो कारोबारसम्म सुन्न सक्नुहुन्छ ।

© यार्सा टेक प्राइभेट लिमिटेड, नेपाल

- पुरानो कारोबार सुन्दै गर्दा बिचमै कुनै नयाँ कारोबार भएमा रिप्ले बटनले काम गर्दैन । सतर्कता ध्वनि बजेर भर्खरै भएको कारोबारको जानकारी दिन्छ ।
- भर्खरै भएको कारोबारको जानकारी दिने बित्तिकै फेरि रिप्ले बटनले काम गर्न थाल्छ । तर फेरि सुरुदेखि (भर्खरै भएको कारोबारदेखि) नै सुन्दै जानुपर्ने हुन्छ ।

RESET गर्ने विधी

यस अडिक्यूआर २ तरिकाले RESET गर्न सकिन्छ:

१. RESET पिन मार्फत:

अडिक्यूआरको पछाडी भागमा RESET लेखिएको pin hole मा SIM Ejector वा पेनको टुप्पोजस्तो पातलो वस्तु प्रयोग गरी RESET गर्नुहोस्।

२. Volume बटन मार्फत:

अडिक्यूआर OFF गर्नुहोस्। त्यसपछि Volume (+) र (-) दुवै बटन एकैसाथ थिचेर डिभाइस ON गर्नुहोस्। यसो गर्दा डिभाइस स्वतः रिसेट भई Setup Mode मा जानेछ।

© यार्सा टेक प्राइभेट लिमिटेड, नेपाल

सेटअप गर्ने विधी

यस अडिक्यूआर २ तरिकाले सेटअप गर्न सकिन्छ:

१. Nizi Mobile App मार्फत:

मोबाइलको Play Store वा App Store मा "Nizi" search गरी Download र Install गर्नुहोस्।

Playstore Link

App Store Link

AudiQR Wi-Fi Only मा गएर Device Setup बटनमा क्लिक गर्नुहोस् र देखाइएका चरणहरू पालना गर्नुहोस्।

२. Manual Process बाट:

- अडिक्यूआरलाई प्रयोग गर्नुभन्दा पहिला एक पटक पूर्ण रूपमा चार्ज गर्नुहोस् । पूर्ण रूपमा चार्ज गर्न ३ घन्टा लाग्दछ ।
- सेटअप गर्नको लागि, पहिला अडिक्यूआरलाई अन गर्नुहोस् र RESET बटन थिच्नुहोस्। "कृपया यस उपकरणलाई पुनः सेटअप गर्नुहोस्" भन्ने आवाज सुनेपछि अडिक्यूआर reset भएको भन्ने बुझिन्छ ।
- अब आफ्नो मोबाइलको वाई-फाई (Wi-Fi) सेटिङमा जानुहोस्।
- उपलब्ध नेटवर्कहरूको सूचीमा अडिक्यूआर सँग डिभाइसको मोडल नम्बर र सिरियल नम्बर (W1P_XXXXXXXXXXXX) मिलेर बनेको वाई-फाईको नाम देख्नुहुनेछ। त्यो वाई-फाई छान्नुहोस् ।
- पासवर्डको लागि डिभाइसको **सिरियल नम्बर (Serial Number)** प्रयोग गर्नुहोस् । यो नम्बर डिभाइसको पछाडिको स्टिकरमा पनि लेखिएको हुन्छ।
- पासवर्ड टाइप गरिसकेपछि **Connect** बटन थिच्नुहोस् ।
- वाई-फाईमा सफलतापूर्वक जडान भएपछि अडिक्यूआरको सेटअप पेज स्वतः खुल्नेछ।

© यार्सा टेक प्राइभेट लिमिटेड, नेपाल

- यदि सेटअप पेज स्वतः नखुलेमा, आफ्नो मोबाइलको ब्राउजरमा जानुहोस् र URL बारमा 10.0.1.1 टाइप गरी इन्टर गर्नुहोस्।
- सेटअप पेजमा battery percentage, firmware version साथसाथै Wi-Fi range मा भएका सबै Wi-Fi को सूची देख्न सकिन्छ ।
- आफ्नो Wi-Fi छान्नुहोस् र पासवर्ड टाईप गरेर **Connect** बटन थिच्नुहोस् ।
- यदि पासवर्ड गलत भएमा यस्तो सन्देश देखिनेछ: “Wi-Fi connection failed. Check your password and try again.”
- Connection सफल भएपछि यो पेज स्वतह बन्द हुनेछ र “Network मा जडान भएको छ” भन्ने सूचक आवाज सुन्नुहुनेछ।
- यसरी तपाईंको अडिक्यूआर सेटअप प्रक्रिया सफल भएको छ । असफल भएको खण्डमा डिभाइसलाई **सेटअप गर्ने विधि** पुनः अपनाउनुपर्नेछ।

© यार्सा टेक प्राइभेट लिमिटेड, नेपाल

नेटवर्कमा जडान हुन सकेन

- कुनै कारणले नेटवर्कमा जडान हुन नसकेको अवस्थामा अडिक्यूआरले “पूर्व-निर्धारित वाई-फाईमा जडान हुन सकेन” भनेर जानकारी दिन्छ । जस्तै बत्ती गएको खण्डमा, Wi-Fi को पासवर्ड परिवर्तन भएमा, वा इन्टरनेट उपलब्ध नभएको खण्डमा ।
- इन्टरनेट पुनः उपलब्ध भएको खण्डमा, वाइ-फाइ नेटवर्कमा स्वतः जडान हुनेछ, जडान भएको जानकारी "नेटवर्कमा जडान भएको छ" आवाज द्वारा थाहा पाउन सकिन्छ ।

वाई-फाई परिवर्तन गर्ने विधि

अडिक्यूआर डिभाइसलाई अर्को वाई-फाई नेटवर्कमा जडान गर्न परेमा **सेटअप गर्ने विधि** पुनः अपनाउनु पर्नेछ।

अडिक्यूआर प्रयोग गर्ने प्रक्रिया

- तपाईंको अडिक्यूआर डिभाइसको अगाडि टाँसिएको क्यूआर कोड ग्राहकलाई स्क्यान गर्न लगाउनुहोस्।

© यार्सा टेक प्राइभेट लिमिटेड, नेपाल

- क्यूआर कोड स्क्यान गरी भुक्तानी गरिसकेपछि एउटा जानकारी ध्वनी बज्छ र भुक्तानी रकम आवाज मार्फत सुन्न सकिन्छ ।
- जस्तै: ग्राहकले १२००.६९ रुपैयाँ भुक्तानी गर्दा अडिक्यूआर डिभाइसले "एक हजार दुई सय रुपैयाँ उनान्सत्तरी पैसा प्राप्त भयो ।" भनेर जानकारी दिन्छ।

ब्याट्री सकिन लागेको सूचना

- ब्याट्री सकिन लागेको खण्डमा "ब्याट्री सकिन लाग्यो" भन्ने आवाज सुन्न सकिन्छ। त्यसपछि, डिभाइसलाई चार्ज गर्नुपर्छ।
- अडिक्यूआर डिभाइस चार्जबाट छुटाउने बेला ब्याट्री प्रतिशतको जानकारी दिनेछ।

कुल कारोबार सुन्नको लागि

रिप्ले बटनलाई १० सेकेन्डसम्म थिचिराख्दा आजको हालसम्म भएको भुक्तानीको कुल रकम आवाजद्वारा सुन्न सकिन्छ।

प्राविधिक जानकारी (अङ्ग्रेजीमा)

Feature	Description
CPU	Tensilica L106 32-bit RISC
Network	2.4GHz Wi-Fi
Wi-Fi Protocol	IEEE 802.11b/g/n
Battery	3.65V, 2600mAh Li-ion Standby – 48 Hours Idle Time – 30 Days
Charging	5V DC, minimum 1A
Interfaces	1 x Power Slider Switch 2 x Volume Buttons 1 x Replay Button 1 x Charging Port
Indicators	1 x LED – Charging Status 1 x LED – Network Status Audible Low Battery Warning
Speakers	1× 8Ω / 2.5W (NOM)
Enclosure	ABS Plastic Material

© यार्सा टेक प्राइभेट लिमिटेड, नेपाल



Made In Nepal | yarsatech

ग्यारेन्टी सम्बन्धि जानकारी

यस अडिक्यूआर डिभाइसमा उत्पादकले तपाईँको सुविधाको लागि एक वर्ष (१२ महिना) को ग्यारेन्टी दिएको छ । तपाईँले अडिक्यूआर खरिद गरेको मितिदेखि १ वर्ष भित्रमा उपकरण बिग्रिएर काम नलाग्ने भएमा, ब्याट्रीको क्षमता धेरै घटेर कम्तीमा ४ घण्टासम्म चलाउन नसक्ने भएमा तपाईँको अडिक्यूआर उत्पादकले साटफेर वा निःशुल्क मर्मत गरिदिनेछ । ग्यारेन्टीसँग सम्बन्धित सबै मामिलाहरूमा उत्पादकको निर्णय अन्तिम र बाध्यकारी हुनेछ । अडिक्यूआरको खरिद वा प्रयोगबाट आइपर्ने कुनै पनि क्षतिमा उत्पादकको अधिकतम दायित्व ग्राहकले खरिद गर्दाको मुल्यसम्म मात्र सिमित हुनेछ ।

© यार्सा टेक प्राइभेट लिमिटेड, नेपाल

तल दिइएका अवस्थाहरूमा अडिक्यूआरमा उत्पादकले दिने ग्यारेन्टी मान्य हुँदैन ।

- फुटेको वा भौतिक क्षति भएको देखिएमा
- धारिलो औजारले क्षति पुर्याएको देखिएमा
- पानीमा भिजेको वा तापले जलेको भएमा
- ग्यारेन्टी सिल च्यातिएको देखिएमा
- आफैले खोलेको वा मर्मत गर्न खोजेको देखिएमा
- सामान साटफेर वा टुक्रा गरेको देखिएमा
- लामो समयसम्म चार्ज नगरेर ब्याट्री बिग्रिएमा
- ५ भोल्ट भन्दा धेरै वा थोरै क्षमताको चार्जर जोडेर बिग्रिएमा
- बलको प्रयोगले स्वीच वा चार्ज गर्ने पोर्ट भाँचिएमा

नेपालमा बनेको | Made In Nepal

YARSA TECH PVT. LTD.
Pokhara-29, Kaski, Nepal
Contact: 9800959042,
9769490590 (Sales)
Email: mail@yarsa.tech
Website: www.yarsa.tech

0 724087 380069